# पूर्वाधार विकास आयोजना माग तथा छनोट कार्यविधि, २०७९

**प्रस्तावना:** कर्णाली प्रदेश सरकार जलस्रोत तथा ऊर्जा विकास मन्त्रालय अन्तर्गत ऊर्जा, खानेपानी तथा सरसफाइ, सिँचाइ, तटवन्ध, बाढीपहिरो व्यवस्थापन लगायतका पूर्वाधार निर्माण, सुदृढीकरण वा मर्मत सम्भारसँग सम्बन्धित आयोजना तथा कार्यक्रमको छनोटमा एकरूपता ल्याउन; आयोजना कार्य तथ्यपरक, वस्तुनिष्ठ र आवश्यकता तथा प्राथमिकतामा आधारित बनाउन, निर्माण तथा मर्मत सम्भार कार्यमा दिगोपना आउने गरी आयोजना कार्यान्वयन गर्न वाञ्छनीय भएकोले,

कर्णाली प्रदेश सुशासन नियमावली, २०७९ को नियम ८ को उपनियम (१) बमोजिम कर्णाली प्रदेश सरकार, जलस्रोत तथा ऊर्जा विकास मन्त्रालयले यो कार्यविधि बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस कार्यविधिको नाम "पूर्वाधार विकास आयोजना माग तथा छनोट कार्यविधि, २०७९" रहेको छ।

(२) यो कार्यविधि मन्त्रालयबाट स्वीकृत भएपछि तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "कार्यालय" भन्नाले मन्त्रालय अन्तर्गतका कार्यालय सम्झनु पर्छ। सो शब्दले यस मन्त्रालय अन्तर्गतको निर्देशनालय समेतलाई जनाउछ।

(ख) "मन्त्रालय" भन्नाले कर्णाली प्रदेश सरकार, जलस्रोत तथा ऊर्जा विकास मन्त्रालय सम्झनु पर्छ।

(ग) "स्थानीय तह" भन्नाले कर्णाली प्रदेशस्थित नगरपालिका वा गाउँपालिका सम्झनु पर्छ।

३. **आयोजनाका विषयगत क्षेत्र:** मन्त्रालयको अधिकारक्षेत्रभित्र सञ्चालन हुने देहायका क्षेत्र आयोजनाका विषयगत क्षेत्र हुनेछन्:-

(क) खानेपानी सरसफाई,

(ख) सिंचाई,

(ग) ऊर्जा,

(घ) जलउत्पन्न प्रकोप (नदी, बाढी तथा पहिरो) व्यवस्थापन,

(ङ) जलस्रोत व्यवस्थापन,

(च) अन्य।

सचिव

४. <u>आयोजनाका प्राथमिकता:</u> (१) दफा ३ बमोजिमका क्षेत्रलाई समेटी दफा ६ अनुसार माग भई आएका आयोजना मध्येबाट मन्त्रालयले देहाय बमोजिमको प्राथमिकताका आधारमा आयोजना छनोट गर्नु पर्नेछः-

(क) आवधिक योजनाले प्राथमिकीकरण गरेका आयोजना,

(ख) स्वीकृत बहुवर्षीय आयोजना,

(ग) स्रोत सुनिश्चितता भएका वा सम्पन्न हुन नसकेका आयोजना,

(घ) विस्तृत सम्भाव्यता अध्ययन भई सम्भाब्य देखिएका आयोजना,

(ङ) प्रादेशिक विषयगत गुरुयोजनामा प्राथमिकीकरण भएका आयोजना,

(च) स्वःरोजगार सिर्जना हुने आयोजना,

(छ) लैङ्गिक समानता र सामाजिक समावेशीकरणमा अभिवृद्धि हुने आयोजना,

(ज) दिगो विकास, वातावरणीय संरक्षण तथा सम्बर्द्धन गर्न सघाउ पुऱ्याउने आयोजना।

(२) उपदफा (१) बमोजिम आयोजनाको प्राथमिकीकरण गर्दा देहाय बमोजिमका विषयमा ध्यान पुऱ्याउनु पर्नेछः-

(क) नेपाल सरकारको नीति, लक्ष्य, उद्देश्य र कार्यक्रमसँगको अनुकूलता हुने र अन्य निकायसँग दोहोरोपना नपर्ने,

(ख) कर्णाली प्रदेश सरकारको आवधिक योजना, नीति तथा कार्यक्रम एवं नीतिगत निर्णय अनुसारका प्राथमिकताका क्षेत्र समेट्ने,

(ग) वातावरण संरक्षण, जलवायू अनुकूलन, विपद् व्यवस्थापनमा सहयोग गर्ने,

(घ) सुशासन, समावेशी एवं सहभागितामूलक विकास प्रवर्धन गर्ने,

(३) उपदफा (२) को खण्ड (क) मा जुनसुकै कुरा लेखिएको भए तापनि एउटै आयोजनामा फरक खण्ड (चेनेज) मा निर्माण हुने आयोजनाका संरचना निर्माण कार्य गर्दा सम्झौता बमोजिम स्पष्ट रुपमा दोहोरोपना नदेखिने आयोजनालाई दोहोरोपना मानिने छैन।

५. <u>बजेटको सीमा प्रदान गर्ने:</u> (१) वार्षिक विकास कार्यक्रममा समावेश गर्ने आयोजनाको लागि मन्त्रालयलाई आर्थिक मामिला तथा आयोजना मन्त्रालयबाट बजेटको सीमा प्राप्त भएपछि मन्त्रालयले कार्यालयद्वारा सञ्चालित बहुवर्षीय आयोजना, स्रोत सुनिश्चितता भएका वा अधुरा आयोजनाको संख्या र सृजित दायित्व, निर्वाचन क्षेत्रगत सन्तुलन



सचिव

समेतलाई मध्यनजर गरी कार्यालयलाई बजेटको अनुमानित सीमा प्रदान गर्नेछ।

(२) उपदफा (१) बमोजिम प्राप्त बजेटको सीमाभित्र रही आयोजनागत बजेट बाँडफाँड गरी कार्यालयले मन्त्रालयमा पेश गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम आयोजनागत बजेट बाँडफाँट गर्दा निम्न कुरालाई ध्यान दिनु पर्नेछः-

(क) बहुवर्षीय आयोजनामा अघिल्लो आर्थिक वर्षमा कुनै कारणबाट सृजित भएको दायित्व रकम,

(ख) बहुवर्षीय आयोजनाको रुपमा स्वीकृत भएका आयोजनाको लागि स्वीकृत बहुवर्षीय गुरुयोजना अनुसार आगामी आर्थिक वर्षमा विनियोजन गर्नुपर्ने रकम,

(ग) सम्पन्न हुन नसकेका आयोजनाको हकमा आगामी आर्थिक वर्षमा सम्पन्न गर्न सकिने हो भने सो आयोजना सम्पन्न गर्न लाग्ने रकम,

(घ) दफा ६ अनुसार माग भई आएका तथा सम्भाव्य देखिएका नयाँ आयोजना।

६. <u>नयाँ आयोजना मागः</u> (१) कार्यालयले लाभग्राहीबाट नयाँ आयोजनाको माग संकलन गर्ने प्रयोजनका लागि मन्त्रालयको निर्देशनमा १५ दिनको समयसीमा तोकी स्थानीय सञ्चार माध्यम मार्फत सूचना प्रकाशन गर्नु पर्नेछ।

(२) यस कार्यविधि बमोजिम आयोजना माग गर्न इच्छुक लाभग्राहीले नयाँ आयोजना माग गर्दा सम्बन्धित वडा वा पालिकाको सिफारिस सहित अनुसूची-१, अनुसूची-२, अनुसूची-३, अनुसूची-४ र अनुसूची-५ मा भएको विवरण खुल्ने गरी सम्वन्धित कार्यालयमा निवेदन दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम सम्बन्धित निकायले निवेदन दिँदा विद्युतीय माध्यम मार्फत निवेदन दिन सक्नेछ।

(४) उपदफा (१) बमोजिम प्राप्त निवेदन मध्येबाट कार्यालयले स्थलगत निरीक्षण (फिल्ड भेरिफिकेशन) वा अन्य माध्यमद्वारा उपयुक्त देखिएका आयोजना बजेटको सीमाभित्र रही विषयगत र क्षेत्रगत सन्तुलनका आधारमा प्राथमिकिकरण गरी आयोजनाको प्रस्ताव मन्त्रालयमा पठाउनु पर्नेछ।

(५) उपदफा (४) बमोजिम आयोजना प्रस्ताव गर्दा नियमानुसार पूर्व सम्भाव्यता अध्ययन भएको, वतावरणीय अध्ययन प्रतिवेदन स्वीकृत भएको, प्रतिव्यक्ति लागत मूल्य

सचिव

प्रदेश सरकार
जलस्रोत तथा ऊर्जा विकास मन्त्रालय
कर्णाली प्रदेश
सुर्खेत, नेपाल

कम भएका र बढी जनसंख्या लाभान्वित हुने, दोहोरोपना नहुने, लाभग्राही समूहबाट माग भएको आयोजनालाई प्राथमिकतामा राख्नु पर्नेछ।

(६) उपदफा (२) बमोजिम आयोजना माग भई नआए तापनि देहायका आयोजना बार्षिक विकास कार्यक्रममा मन्त्रालयले समावेश गर्न सक्नेछ।

(क) प्रदेश सरकारको नीति तथा कार्यक्रममा समावेश गरेको प्रादेशिक महत्वको आयोजना,

(ख) स्थानीय तहसँग समन्वय गरी सञ्चालन गर्न सक्ने आयोजना,

(ग) प्रदेश सरकारले पहिचान गरेको आयोजना,

(घ) सम्बन्धित जिल्लाबाट प्रतिनिधित्व गर्ने संघीय एवम् प्रदेश सांसदले माग गरेको आयोजना।

७. <u>आयोजना छनोटः</u> (१) दफा ६ बमोजिम प्राप्त आयोजना मध्येबाट यस कार्यविधि बमोजिम प्राथमिकीकरण गरी वार्षिक विकास कार्यक्रममा समेट्नु पर्ने आयोजना मन्त्रालयले छनोट गर्नेछ।

८. <u>आयोजना स्वीकृतिः</u> विकास आयोजनाको बजेट तर्जुमा गर्दा प्रस्तावित आयोजनाको सम्भाव्यता अध्ययन र आर्थिक, प्राविधिक, वातावरणीय तथा प्रशासकीय उपयुक्तताको आधारमा त्यसबाट हुने प्रतिफल समेतको विचार गरी मन्त्रालयबाट त्यस्तो आयोजना स्वीकृत भएको हुनु पर्नेछ।

सचिव

अनुसूची-१

(दफा ६ को उपदफा (२) सँग सम्बन्धित)

**नयाँ खानेपानी तथा सरसफाइ आयोजना माग फाराम**

श्रीमान कार्यालय प्रमुखज्यू
...................................कार्यालय
...........................................जिल्ला।

विषयः आर्थिक वर्ष २०७ ................ को लागि आयोजना माग सम्बन्धमा।

महोदय,

प्रस्तुत विषयमा ....................... पालिका, वडा नं......मा खानेपानीको अति आवश्यक परेकोले निम्न विवरण सहित आगामी आर्थिक वर्षको लागि आयोजना माग गरेका छौं। स्थलगत भेरिफिकेशन गरी प्राथमिकताका साथ नयाँ आयोजनामा समावेशको प्रक्रिया अगाडि बढाइदिनु हुन अनुरोध छ। साथै स्थानीय तहको सिफारिस समेत यसैसाथ संलग्न राखेका छौं।

निवेदक

**प्रस्तावित खानेपानी तथा सरसफाइ आयोजनाको विवरण**

आयोजनाको नामः..................................................................................................
आयोजना रहेको स्थानः ................ पालिका, वडा नं....., .......... टोल, निर्वाचन क्षेत्र......
आयोजनाले समेट्ने घरधूरीः.................. लाभान्वित हुने अनुमानित जनसंख्याः...................
स्रोतको नामः ....................................................
स्रोत रहेको स्थानः ......... जिल्ला, .................. पालिका, वडा नं......., ...............स्थान,
स्रोतको क्षमताः ............... लि/से.
प्रस्तावित धारा संख्याः सार्वजनिक- ............, निजी- ............ जम्मा-..........................
प्रशारण लाईनः ...................... कि.मि., वितरण लाइनः .................. कि.मि.,
आयोजनाको किसिमः ग्राभिटी/पम्पिङ/दुवै
द्रष्टब्यः- -नयाँ, मर्मत, सुधार विस्तार वा पूननिर्माण के हो स्पष्ट खुलाउने।
-उपभोक्ता समिति गठन भएको भए समतिको विवरण, दर्ता नम्बर समेत खुलाउने।



सचिव

अनुसूची-२

(दफा ६ को उपदफा (२) सँग सम्बन्धित)

**नयाँ सिँचाइ आयोजना माग फाराम**

श्रीमान कार्यालय प्रमुखज्यू
..............................कार्यालय
..................................जिल्ला।

विषयः आर्थिक वर्ष २०७......... को लागि आयोजना माग सम्बन्धमा।

महोदय,

प्रस्तुत विषयमा .................. पालिका, वडा नं.........मा सिँचाइको अति आवश्यक परेकोले निम्न विवरण सहित आगामी आर्थिक वर्षको लागि आयोजना माग गरेका छौं। स्थलगत भेरिफिकेशन गरी प्राथमिकताका साथ नयाँ आयोजनामा समावेशको प्रक्रिया अगाडि बढाइदिन हुन अनुरोध छ। साथै स्थानीय तहको सिफारिस समेत यसैसाथ संलग्न राखेका छौं।

निवेदक

**प्रस्तावित सिँचाइ आयोजनाको विवरण**

आयोजनाको नामः ..........................................................................................
आयोजनाको किसिमः ......... (नयाँ, मर्मत, सुधार विस्तार वा पूननिर्माण के हो स्पष्ट खुलाउने)
आयोजना रहेको स्थानः ........... पालिका, वडा नं........., .......................... टोल,
निर्वाचन क्षेत्र नं. ........................................
आयोजनाले सिँचित गर्ने क्षेत्रफलः .......................
स्रोतको नामः ............................................
स्रोत रहेको स्थानः..................... पालिका, वडा नं......., ................................ स्थान,
स्रोतको क्षमताः ...................................................
मुख्य नहरः ........................ कि.मि., शाखा नहरः ...................... कि.मि.,
अनुमानित हेड (लिफ्ट सिँचाइको हकमा) ....................................
द्रष्टब्यः- उपभोक्ता समिति गठन भएको भए समतिको विवरण, दर्ता नम्बर समेत खुलाउने।

सचिव

अनुसूची-३

(दफा ६ को उपदफा (२) सँग सम्बन्धित)

## नदी नियन्त्रण तथा बाढी पहिरो सम्बन्धी आयोजना माग फाराम

श्रीमान कार्यालय प्रमुखज्यू
..............................कार्यालय
।.................................जिल्ला।

विषयः आर्थिक वर्ष २०७......... को लागि आयोजना माग सम्बन्धमा।

महोदय,

प्रस्तुत विषयमा ..................पालिका, वडा नं......मा तटबन्धको अति आवश्यक परेकोले निम्न विवरण सहित आगामी आर्थिक वर्षको लागि आयोजना माग गरेका छौं। स्थलगत भेरिफिकेशन गरी प्राथमिकताका साथ नयाँ आयोजनामा समावेशको प्रक्रिया अगाडि बढाइदिन हुन अनुरोध छ। साथै, सम्बन्धित स्थानीय तहको सिफारिस समेत यसैसाथ संलग्न राखेका छौं।

निवेदक

### प्रस्तावित नदि नियन्त्रण तथा बाढी पहिरो सम्बन्धी आयोजनाको विवरण

आयोजनाको नामः ..................................................................................................
आयोजनाको किसिमः...........(नयाँ, मर्मत, सुधार विस्तार वा पूननिर्माण के हो स्पष्ट खुलाउने)
आयोजना रहेको स्थानः........................पालिका, वडा नं......., ..........................टोल,
निर्वाचन क्षेत्र नः...........................................................
आयोजनाले उकास/ संरक्षण गर्ने जग्गाको क्षेत्रफलः................
खोला/नदिको नामः .....................................................
खोला/नदि रहेको स्थानः .......................पालिका, वडा नं......., .......................स्थान,
प्रभावित जनसंख्याः ...........................
खोला/नदिको नियन्त्रण गर्न आवश्यक अनुमानित लम्बाईः................कि.मि.
द्रष्टव्यः- उपभोक्ता समिति गठन भएको भए समतिको विवरण, दर्ता नम्बर समेत खुलाउने।

सचिव

अनुसूची-४

(दफा ६ को उपदफा (२) सँग सम्बन्धित)

## ऊर्जा तथा विद्युत सम्बन्धी आयोजना माग फाराम

श्रीमान कार्यालय प्रमुख ज्यू
..............................कार्यालय
..................................जिल्ला।

विषयः आर्थिक वर्ष २०........ को लागि आयोजना माग सम्बन्धमा।

महोदय,

प्रस्तुत विषयमा ..................पालिका, वडा नं..........मा विद्युतबत्ति अति आवश्यक परेकोले निम्न विवरण सहित आगामी आर्थिक वर्षको लागि आयोजना माग गरेका छौं। स्थलगत भेरिफिकेशन गरी प्राथमिकताका साथ नयाँ आयोजनामा समावेशको प्रक्रिया अगाडि बढाइदिन हुन अनुरोध छ। साथै, सम्बन्धित स्थानीय तहको सिफारिस समेत यसैसाथ संलग्न राखेका छौं।

निवेदक

## प्रस्तावित ऊर्जा तथा विद्युत आयोजनाको विवरण

आयोजनाको नामः ..................................................................................
आयोजनाको किसिमः............(नयाँ, मर्मत, सुधार विस्तार वा पूननिर्माण के हो स्पष्ट खुलाउने)
आयोजना रहेको स्थानः....................पालिका, वडा नं. ......, ...............................टोल
निर्वाचन क्षेत्र नः.......................................
आयोजनाको अनुमानित क्षमताः.......................
आयोजनको स्रोतः......................(जलविद्युत, सौर्य ऊर्जा, जैविक ऊर्जा इत्यादि)
खोला/नदिको नामः ...................................
खोला/नदि रहेको स्थानः .....................पालिका, वडा नं....., ............................स्थान,
लाभान्वित जनसंख्या :..................................

द्रष्टव्यः- उपभोक्ता समिति गठन भएको भए समतिको विवरण, दर्ता नम्बर समेत खुलाउने।

सचिव

अनुसूची-५

(दफा ६ को उपदफा (२) सँग सम्बन्धित)

**नयाँ अन्य आयोजना माग फाराम**

श्रीमान कार्यालय प्रमुखज्यू

....................................कार्यालय

.....................जिल्ला।

विषयः आर्थिक वर्ष २० ........... को लागि आयोजना माग सम्बन्धमा।

महोदय,

प्रस्तुत विषयमा...................पालिका, वडा नं................मा को.................................... आयोजना अति आवश्यक परेकोले निम्न विवरण सहित आगामी आर्थिक वर्षको लागि आयोजना माग गरेका छौं। स्थलगत भेरिफिकेशन गरी प्राथमिकताका साथ नयाँ आयोजनामा समावेशको प्रक्रिया अगाडि बढाइदिनु हुन अनुरोध छ। साथै, सम्बन्धित स्थानीय तहको सिफारिस समेत यसैसाथ संलग्न राखेका छौं।

निवेदक

**प्रस्तावित आयोजनाको विवरण**

आयोजनाको नामः...........................................................................................................

आयोजना रहेको स्थानः.................पालिका, ......वडा नं.,.......... टोल निर्वाचन क्षेत्र.........

आयोजनाले समेट्ने घरधूरीः.................. लाभान्वित हुने अनुमानित जनसंख्याः...................

अन्य विवरणः...................................................................................................................

सचिव